नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आश्विन/कार्तिक २०७३ (October 2016) वर्ष २०/अङ्क २३५

## दुई थरीका खीष्टियानहरू

- पाष्टर रोबर्ट कार्थक

दुई थरीका खीष्टियानहरू शारीरिक र आत्मिक। हाम्रा मण्डलीहरूमा पनि यस्ता खीष्टियानहरू छन्, जसलाई छुट्ट्याउन पनि गाह्रो पर्छ किनकि सबैजना संगतिमा आउँछन्, प्रार्थना गर्छन्, हात उचालेर प्रशंसामा पनि सहभागी हुन्छन् तर पनि मण्डलीहरूमा दुई थरीका खीष्टियानहरू हुन्छन्। आत्मिक खीष्टियानहरू आत्माको कुरामा बढी ध्यान दिन्छन्। हामी संसारमा छौं, शरीरमा छौं, शरीरका कुरामा पनि ध्यान दिनुपर्छ तर शरीरका कुरामा भन्दा धेरै आत्मिक कुरामा ध्यान दिनेचाहिँ आत्मिक खीष्टियान हुन्। अर्को थरीका खीष्टियानहरू जोहरू नयाँ जीवन पाएका, उद्धार पाएका, येशूको रगतले पाप क्षमा पाएका, परमेश्वरको सन्तान भएका, पानीको बप्तिस्मा लिएका खीष्टियानहरू नै हुन्। मृत्युपछि उनीहरूको आत्मा स्वर्गमा जान्छ, त्यसमा कुनै शंका छैन तर उनीहरू संसारका कुराहरू-धनदौलत, लुगाफाटा, घर, जग्गाजमीन आदिमा बढी ध्यान दिन्छन्। संसारका मानिसहरू संसारका कुराहरूमा अल्मलिएजस्तै संसारमै बढी समय खर्चिने खीष्टियानहरूचाहिँ शारीरिक खीष्टियान हुन्।

केही दिन अगाडि म एउटा संगतिमा थिएँ। प्रार्थना सभामा आउनका लागि संचालकले अगाडिबाट अनुरोध गर्नुभयो। मलाई त कस्तो कस्तो लाग्यो। खीष्टियानहरूलाई प्रार्थना सभामा आउनलाई अनुरोध गर्नुपर्ने ? कस्तो अनौठो कुरा हो। प्रार्थना सभामा आउन पाउनु त हाम्रो लागि खुशीको कुरा हो। यसको लागि कसैले अनुरोध गर्नु पर्दैन। यो त हाम्रो सौभाग्य हो। एक मात्र सत्य जिउँदो परमेश्वर, स्वर्ग र पृथ्वीका सृजनहार, पालनहार, तारणहार परमेश्वर जसलाई हामीले अब्बा, पिता भनी चिन्न सकेका छौं। परमेश्वरले हे अब्बा र हे पिता भनी पुकार्ने आत्मा तपाईं र मलाई दिनुभएको छ। हामी परमेश्वरका छोराछोरी हौं। हामी परमेश्वरको उपस्थितिमा आउनका लागि दया गरी उपस्थित हुनुहोस्, आइदिनुहोस् भनी निम्तो दिनुपर्ने, अनुरोध गर्नुपर्ने ? मलाई त चित्तै बुझेन। मैले त्यतिखेर नै भने यो त मिल्दै मिल्दैन।

संसारका मानिसहरूले त परमेश्वरलाई खोजिरहेका छन्। नेपालकै मानिसहरू पनि तीर्थयात्रा, चारधाम गइरहेका छन्। उनीहरू गाह्रो, अप्ठ्यारो ठाउँहरूमा पनि जान्छन्, परमेश्वरलाई खोज्छन् तर अझै पनि तिनीहरूले परमेश्वरलाई भेट्टाएका छैनन्। उनीहरू निरन्तर खोजिरहेका छन् तर हामीले त स्वर्गीय परमेश्वर पितालाई खीष्ट येशू प्रभुमा भेट्टाएका छौं। उहाँ हाम्रो नजीक हुनुहुन्छ। हामीलाई पर्खिराख्नुभएको छ तर उहाँका मानिसहरूलाई फुर्सद छैन। संसारकै कुराहरूमा अल्मलिराखेका छन्।

परमेश्वरको उपस्थितिमा आनन्दको भरपूरी छ। जो-जो परमेश्वरको गुप्तस्थानमा बास गर्छन् र परमेश्वरको छत्रछायाँमा रहन्छ, त्यहाँ सबैलाई सुरक्षा, शान्ति, संवृद्धि र सफलता छ तर हामी परमेश्वरको उपस्थितिमा रहन चाहँदैनौं र बाहिर जान्छौं भने त्यहाँ असुरक्षा र सबै किसिमका समस्याहरू छन्। यो परमेश्वरले पठाउनुभएको होइन तर परमेश्वरको सुरक्षाबाट तपाईं बाहिर जानुभएको कारणले भएको हो। परमेश्वरको छत्रछायाँमा आउन चाहनुभएन र तपाईं बाहिर निस्केर जानुभयो। उडाउ पुत्रलाई उसका बाबुले सुँगुरको खोरमा पठाएको होइन तर आफ्नै नराम्रो कामको कारण सुँगुरको खोरमा पुगेको हो (लूका १५:११३२)। हामी आफैले सोच्ने र निर्णय गर्नुपर्ने कुरा हो। कहाँ प्रार्थना सभा छ, घरेलु संगति कहाँ हुँदैछ, समय निकालेर जानुपर्छ। संसारको कुराहरू एकापट्टि राखेर प्रभुको उपस्थितिमा जानुपर्छ।

हामी आत्माको कुराहरूमा ध्यान दिने खीष्टियानहरू हुनुपर्छ। तपाईं र मचाहिँ कस्तो खालको खीष्टियान हौं, आफैले आफैलाई जाँचौं, चिनौं। "यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो, पुरानो कुरा बितिगएको छ, हेर, नयाँ आएको छ"(२ कोरिन्थी ५:१७)। यो पदअनुसार हामी नयाँ सृष्टि हौं। अब हामी आदमका सन्तानहरू होइनौं। आदमका सन्तानमा पापस्वभाव थियो भने आज हामी खीष्टका सन्तान हौं। त्यसैले हामीमा पापस्वभाव हुनु हुँदैन। परमेश्वरले हामीलाई धर्मी बनाइसक्नुभएको छ। "परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हो (१ यूहन्ना ३:९)।" यो वचनअनुसार परमेश्वरको स्वभाव त्यसमा रहन्छ। जुन व्यक्तिमा परमेश्वरको स्वभाव छ त्यसमा पाप स्वभाव रहनु हुँदैन र रहन सक्दैन, किनकि हामी पवित्र र निस्खोट परमेश्वरमा नयाँ गरी जन्मेकाहरू हौं। यो हाम्रो आत्माको बारेमा भनिएको हो। मन र शरीरको बारेमा होइन।

तपाईंको हातले चोर्छ, मुखले खान नहुने चीज खान्छ, बोल्न नहुने कुरा बोल्छ, नराम्रो दृष्टिले हेर्छ, यी सबै तपाईंको शरीरले गरेको पाप हो। तपाईंको नराम्रो सोच, अशुद्ध, अपवित्र विचार, रीस, दुश्मनी, लोभ तपाईंको मनले गरेको पाप हो। तपाईंको आत्मामा त परमेश्वरको स्वभाव छ। मेरो एउटा मन, म शरीरमा बस्छु तर म भन्नेचाहिँ मेरो आत्मा हो। आत्मिक खीष्टियनाहरूचाहिँ त्यो हो, जो बाइबल पढ्ने, प्रार्थना गर्ने, सेवा संगतिमा जाने, प्रभुको कुरामा ध्यान दिने, मनन गर्ने, प्रभुसँग समय बिताउने, यी कुराहरू गरेर परमेश्वरको नजीकमा बस्छन्। संसारका खाने, लगाउने, रमाइलो गर्ने, मनोरञ्जनमा समय बिताउने, यी सबै शारीरिकताको जीवन हो। पापमय स्वभाव जसले जाँड, रक्सी खान, रीस गर्न, लोभ गर्न, चोर्न, ढाँट्न, अर्कालाई पिट्ने, बदनाम गर्ने गर्छ, यो चाहिँ पापमय स्वभाव हो। अनि शारीरिक स्वभाव

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| आश्विन २२ October 8 | एल्डर सिमोन पाठक | श्री सरुषमान तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर नभराज के.सी. | एल्डर ग्रेस खालिङ |
| आश्विन २९ October 15 | पाष्टर पिटर लाइट | श्री सिद्धि खालिङ | एल्डर जेम्स राई | श्री दानिएल घले | डीकन सिमोन भण्डारी | डीकन रूद्र राई | श्री पुरुषोत्तम न्यौपाने |
| कार्तिक ६ October 22 | पाष्टर अशोक मुखिया | श्री रमेश लामा | एल्डर सुरेश पुर्कुटी | पाष्टर राजेन्द्र रोंगोंग | श्री सुक राम तामाङ्ग | एल्डर छयोगेन रोंगोंग | श्री प्रकाश शर्मा |
| कार्तिक १३ October 29 | श्री विष्णु देउला | डीकनेस् रश्मिला तामाङ्ग | डीकन बाग मान तामाङ्ग | एल्डर छयोगेन रोंगोंग | एल्डर रूबेन श्रेष्ठ | एल्डर ग्रेस खालिङ | एल्डर शरण राई |
| कार्तिक २० November 5 | पाष्टर सामुएल कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास पाष्टर दफ्तन सादा | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | श्री आमोस खालिङ |

भनेको चाहिँ पापमय स्वभाव होइन । शारीरिक कुरामा बढी ध्यान दिने कुरा हो । खानेकुरा त राम्रो कुरा हो, नखाइकन मान्छे कसरी बाँच्न सक्छ ? तर यदि म आत्मिक कुरामा भन्दा बढी खानेकुरामा ध्यान दिन्छु भने त्यो चाहिँ मेरो शारीरिकता हो । पैसा कमाउने कुरा परमेश्वरको श्राप होइन, आशिष् हो । परमेश्वरको आशिष् पाउन हात बाँधेर बसेर त हुँदैन । कोशिश गर्नुपर्छ । यसकारण पैसा कमाउने कुरा नराम्रो होइन, राम्रो कुरा हो किनकि मसँग पैसा छ भने अरूलाई सहायता गर्न सक्छु, आफूसँग छैन भने सहयोग गर्न सकिँदैन । कमाउनु नराम्रो होइन तर म कमाउनतिर मात्र लागेर मण्डलीलाई बिर्सनु, प्रार्थना नगर्नु, बाइबल नपढ्नु, सेवा संगति नजानुचाहिँ शरीरतिर ढल्केको, शारीरिक खीष्टियन हुनु हो, आत्मिक खीष्टियन होइन किनकि मैले शरीरको कुरालाई बढी जोड दिएँ, ध्यान दिएँ, आत्माको कुरालाई मैले एकातिर पन्छाएर राखेँ ।

आत्माका कुरालाई ध्यान नदिने खीष्टियानहरूमा पाप स्वभावका कामहरू व्यभिचार, अपवित्रता, दुष्मनी, झैँझगडा, इर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह आदि कुराहरूले भरिएका हुन्छन् तर आत्माका कुराहरूमा ध्यान दिने खीष्टियानहरूमा आत्माका फल प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विस्वश्तता, नम्रता संयमका गुणहरूले भरिएका हुन्छन् (गलाती ५:१९-२३) । हामी कुन कुरालाई बढी खुवाउँछौं ? "किनकि पाप-स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पाप स्वभावको विरुद्ध । तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नको  निम्ति यीचाहिँ एकअर्काको विरुद्धमा हुन्छन् । तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका हौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ" (गलाती ५:१६-१८) । मानिलिनुहोस्, दुई वटा कुकुरहरू छन्, एउटा कालो र अर्को सेतो, घीनलाग्दो स्वभावको शरीरचाहिँ कालो कुकुर हो, अर्कोचाहिँ सेतो कुकुर । तपाईंले दुवै कुकुर घरमा पाल्नुभएको छ । तपाईं कुनचाहिँ कुकुरलाई बलियो बनाउन चाहनुहुन्छ । तपाईं आफैमाथि निर्भर गर्छ । यदि तपाईं कालो कुकुर बलियो होस् भन्ने चाहनुहुन्छ भने त्यसलाई तपाईं बढी समय दिनुहुन्छ । मीठो खानेकुरा खुवाउनुहुन्छ, औषधि उपचार पनि त्यसैलाई गर्नुहुन्छ । तपाईंले बढी ध्यान त्यसैलाई दिनुहुन्छ भने सेतो कुकुरको वास्तै गर्नुहुन्न । त्यसले खायो कि खाएन, पियो कि पिएन, त्यो कस्तो अवस्थामा छ, लुतो लागेको छ कि के छ, ध्यान नै दिनुहुन्न । सबै ध्यानचाहिँ कालो कुकुरमा छ । कालो कुकुरचाहिँ मोटाउँदै जान्छ, अनि सेतो कुकुरचाहि दुब्लाउँदै जान्छ । कालो कुकुरचाहिँ मोटाएको छ, सेतो कुकुरचाहिँ हाड र छालामात्र बाँकी छ ।

आज कति जना यस्ता खीष्टियानहरू छन्, जसले आफ्ना आत्मिक जीवनलाई बेवास्ता गरिराखेका छन् । मण्डलीभित्रचाहिँ दुई-तीन घण्टा नाटक खेलेर जान्छन् । यदि तपाईंले सेतो कुकुर वा आत्मिक जीवन राम्रो होस् भन्ने चाहनुहुन्छ भने अब तपाईंले कालो कुकुरलाई ध्यान दिनुभएन। त्यो समयचाहिँ तपाईंले सेतो कुकुरलाई दिनुपऱ्यो । बाइबल पढ्ने, प्रार्थना गर्ने, सेवा संगतिमा जाने मण्डलीको कुरामा चासो लिने, मण्डलीलाई ध्यान दिने गर्नु पर्छ । समर्पित खीष्टियान भनेकोचाहिँ यही नै हो । समर्पणको कागजमा हस्ताक्षर गरेर म समर्पित खीष्टियान भएँ भन्ने अनि हप्ताभरिचाहिँ सांसारिक कुरामा मात्रै ध्यान दिने, अनि शनिबार एकदिन संगतिमा आयो, त्यसपछि आइतबारदेखि शुक्रबारसम्म संसारकै कुरामा रमायो । यस्तो मानिस त खीष्टियान पनि हो कि होइन, छुट्टयाउन पनि गाह्रो हुन्छ । किनकि संसारकै मान्छे जस्तो, उनीहरूले जे खान्छन् त्यही खाइरहेको छ, जे बोल्छन् त्यही बोलिरहेको छ, उनीहरूको जस्तो व्यवहार छ, त्यस्तै व्यवहार गरिरहेको छ । उनीहरू गएको ठाउँमा गइरहेको छ, सबै सांसारिक मानिसहरू जस्तै गरिराखेको छ । अनि यस्तो मानिस मण्डलीको समर्पित सदस्य भएर के फाइदा भयो ? समर्पित भनेकोचाहिँ म मेरो जीवन प्रभुलाई दिन्छु प्रभुको कुराहरूमा ध्यान दिन्छु, मण्डलीमा ध्यान दिन्छु, प्रभुको सेवा संगतिका लागि समय निकाल्छु, फुर्सद निकाल्छु, मैले कमाएका धनसम्पत्ति मण्डलीलाई दिन्छु, दशांश मात्र होइन अरू भेटीहरू पनि दिन्छु, समय, शक्ति, सामर्थ्य दिन्छु, ममा भएका कुराहरू प्रभुलाई दिन्छु, आत्मिक कुराहरूमा ध्यान दिन्छु, भन्नुचाहिँ समर्पित खीष्टियान हो, हामीले सधैं आफ्नो साँचो समर्पणता र आत्मिक जीवनको नमूना प्रस्तुत गर्नुपर्छ ताकि अरूले पनि त्यसबाट धेरै कुरा सिक्न सकून् । "हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंडौं" (गलाती ५:२५)।

## अक्टोबर महिनाको कार्यक्रम

**शरद सम्मेलन** आ-आफ्नो मण्डलीमा आ-आफ्नो मितिअनुसार

कार्तिक १ गते/अक्टोबर १७ सोमबार **महिला उपवास प्रार्थना** आ आफ्नो मण्डलीमा

कार्तिक १३–१६ गते/अक्टोबर २९ तारिखदेखि नोभेम्बर १ तारिख शनिबारदेखि मंगलबारसम्म **नेइम संयुक्त युवा शिविर** बाह्रघडी, चितवन

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **आश्विन २२** October 8 | एल्डर गोपी राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर पिटर लिम्बू | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर एस. के. राई |
| **आश्विन २९** October 15 | पाष्टर प्रेम श्रेष्ठ | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर सिमोन पाठक | श्री लेख नाथ पौडेल | एल्डर कर्ण तामाङ्ग |
| **कार्तिक ६** October 22 | पाष्टर ज्ञान पन्त | डीकन लाक्पा लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर जमान घ्लान | डीकन पासाङ्ग तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | श्री गोपाल राना मगर | डीकन संजय राई |
| **कार्तिक १३** October 29 | पाष्टर प्रेम श्रेष्ठ | श्री राज गुरूङ्ग | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | श्री कुमार राई |
| **कार्तिक २०** November 5 | एल्डर अर्जुन ढकाल | श्री लेखनाथ पौडेल | श्री अमृत लामा | श्री कृष्ण श्रेष्ठ | श्री राज गुरूङ्ग | एल्डर पिटर लिम्बू | श्री प्रशान्त सिंह | संयुक्त सेवा धापासी चर्च |



आश्विन ६ गते/सेप्टेम्बर २२ तारिख बिहीबार नेइम गाम्छा मण्डलीको सदस्य श्री **दिनेश नगरकोटी** र बेथ सालोम साँखु संगतिकी सदस्य सुश्री **मनिषा राजबाहक**को बेथ सालोम पुतली सडक चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **दिनेश** र **मनिषा नगरकोटी** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष् प्रार्थना

१. देशको आर्थिक, भौतिक, सामाजिक, राजनैतिक सबै क्षेत्रहरूको सुधार र विकासको निम्ति प्रार्थना गरिदिऔं ।

२. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

३. आउँदा दिनहरूमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं।

४. असोज/कार्तिक (सेप्टेम्बर/अक्टोबर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा मण्डली सम्मेलन, युवा शिविरको लागि प्रार्थना गरिदिऔं साथै सो समयमा यात्रा गर्नेहरूको लागि प्रार्थना गरिदिऔं ।

५. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।


६. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

७. संसारभर रेडियो, टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

## जानकारी

भाद्र २५ गते/सेप्टेम्बर १० तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा ३ जना विश्वासीहरूको समर्पण भयो ।

आश्विन ८ गते/सेप्टेम्बर २४ तारिख शनिबार परमप्रभु परमेश्वरको अनुग्रह र नेइमका पाष्टर, एल्डर, डीकन लागयत मण्डलीको उपस्थितिमा नेइम गाम्छा मण्डली भवन अर्पण गरियो । यस मण्डली भवन निर्माणको लागि आवश्यक जमीन उपलब्ध गराउनुहुने, निर्माण सामाग्री, आर्थिक सहयोग, जनशक्ति, सरसल्लाह र प्रार्थनासहित प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुभएका सम्पूर्ण प्रियजनहरूलाई यस "नेपाली इसाई मण्डली सूचनापत्र" मार्फत् धन्यवाद व्यक्त गर्दछौं ।



मैतिदेवी बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री मान बहादुर तामाङ्ग ४५ वर्षको उमेरमा आषाढ १६ गते/जुन ३० तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



टीगाउँ बस्नुहुने नेइम ललितपुरअन्तर्गत को टीगाउँ संगतिको सदस्य श्रीमती सरिता तामाङ्ग २८ वर्षको उमेरमा भाद्र १६ गते/सेप्टेम्बर १ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १६ 2<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | २३ 9<br>नेइमअन्तर्गत विभिन्न ठाउँमा हुने शरद सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०७:९ | ३० 16<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ७ 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | १४ 30<br>युवा शिविरमा भइरहेको संगतिमा पवित्र आत्माद्वारा जवानहरूको बीच ठूलो जागृति आएको होस् ।<br>भजनसंग्रह १२७:३-५, प्रेरित १:८ |
| **सोमबार Monday** | १७ 3<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११, | २४ 10<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | १ कार्तिक 17<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | ८ 24<br>इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>आमोस ९:१३-१५ | १५ 31<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **मंगलबार Tuesday** | १८ 4<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | २५ 11<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>रोमी ८:३७-३९ | २ 18<br>मण्डली परिवार सधैं एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | ९ 25<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १६ November 1<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार Wednesday** | १९ 5<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने जस्ता भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | २६ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ३ 19<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | १० 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>१ थेसलोनिकी २:१०-१२ | १७ 2<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:४, २४-२५ |
| **बिहीबार Thursday** | २० 6<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | २७ 13<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>प्रेरित ८:१-८, ११:१९-२१ | ४ 20<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | ११ 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | १८ 3<br>मण्डलीका परिवार परिवारमा पारिवारिक वेदी सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ |
| **शुक्रबार Friday** | २१ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | २८ 14<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी २:६-७ | ५ 21<br>प्रत्येक शनिबारको सेवामा धेरै भन्दा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तितस २:११ | १२ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | १९ 4<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं आत्माको तयारीमा आउन सकौं ।<br>, यूहन्ना ४:२३-२४ |
| **शनिबार Saturday** | २२ 8<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | २९ 15<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ६ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १३ 29<br>आजदेखि शुरू हुन गइरहेको युवा शिविरमा जानेहरूको यात्रा, सुरक्षा, वचनको सेवकाइ गर्नुहुने साथै विभिन्न क्षेत्रमा जिम्मा लिनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:३-८ | २० 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।**

**मर्कूस ११:२४**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,